नेपाल सरकार

# शिक्षक सेवा आयोग

## अध्यापन अनुमतिपत्र परीक्षा

## नमुना प्रश्नपत्र, २०७२

## वस्तुगत प्रश्न

तह : **माध्यमिक** पूर्णाङ्क : २०

समय : २० मिनेट

**विकल्पहरू (क, ख, ग, घ) मध्ये सही विकल्पको सङ्केत अक्षरलाई गोलो चिह्न (०) ले घेर्नुहोस् ।**

१. शिक्षक हुन अध्यापन अनुमतिपत्र लिनुपर्ने अनिवार्य व्यवस्था कहिले देखि सुरु गरिएको हो ?
   क. २०५५ माघ १ गते ख. २०५८ माघ २५ गते
   ग. २०५९ जेठ १३ गते घ. २०५९ जेठ १६ गते

२. नेपालको संविधानबमोजिम पहिचान सहितको नामाकरण र जन्मदर्ताको हक कुन मौलिक हक अन्तर्गत पर्दछ ?
   क. पहिचानको हक ख. समानताको हक
   ग. बालबालिकाको हक घ. स्वतन्त्रताको हक

३. शिक्षकहरूसँग उच्चस्तरीय क्षमता, दक्षता र नैतिकता जस्ता गुणहरू बालमैत्री विद्यालयको कुन पक्षसँग सम्बन्धित छ ?
   क. प्रभावकारिता ख. समावेशीकरण
   ग. सहभागिता घ. विद्यालय व्यवस्थापन

४. शिक्षामा सामाजिक न्यायको अन्तिम लक्ष्य समाजका सबै सदस्यहरूको कल्याण गर्नु हो भने सामाजिक न्याय भनेको के हो ?
   क. जातीय समानता ख. वर्गीय समानता
   ग. लैङ्गिक समानता घ. सबै खालका भेदभावको अन्त्य

५. सिकाइ सिद्धान्तमा Zone of Proximal Development (ZOPD) को प्रयोग कसले गरेका हुन् ?
   क. जोन डिवे ख. लेभ भोगोत्स्की
   ग. हर्वट गार्डनर घ. रोवर्ट ग्याग्ने

६. बालबालिकाको कुन विकासात्मक अवस्थालाई "Storm and Stress" को अवधि पनि भनिन्छ ?
   क. यौवनावस्था ख. शैशवावस्था
   ग. वाल्यावस्था घ. किशोरावस्था

७. विद्यालय सुधार योजना कस्तो प्रकारको सुधार योजना हो ?
   क. वृहद् योजना ख. मध्य योजना
   ग. सूक्ष्म योजना घ. संस्थागत योजना

८. विद्यालयको सामाजिक परीक्षण समितिको अध्यक्ष को हुने व्यवस्था छ ?
   क. शिक्षक अभिभावक सङ्घको अध्यक्ष ख. सम्बन्धित वडाको वडा अध्यक्ष
   ग. विद्यालय व्यवस्थापन समितिको अध्यक्ष घ. प्रधानाध्यापक

९. शिक्षकको प्राज्ञिक गुण भित्र कुन पर्छ ?
   क. जिज्ञासु र अध्ययनशील ख. मौलिक र सृजनात्मक
   ग. सहयोगी घ. पेशाप्रति उत्साहित र रुचि

१०. विद्यालय क्षेत्र सुधार योजनाले शिक्षकको पेशागत वृत्ति विकासका कतिओटा चरण हुने कुरा उल्लेख गरेको छ ?
   क. २  ख. ३
   ग. ४  घ. ५

११. बहुकक्षा शिक्षणको शिक्षण पद्धति कुन हो ?
   क. संयुक्त शिक्षण  ख. क्षमता समूह शिक्षण
   ग. साथी सिकाइ  घ. दुईभन्दा बढी कक्षाको शिक्षण

१२. दैनिक पाठयोजनाका अङ्गहरूको सही क्रम कुन हो ?
   क. उद्देश्य, कार्यकलाप, सामग्री, गृहकार्य र मूल्याङ्कन
   ख. उद्देश्य, सामग्री, कार्यकलाप, मूल्याङ्कन र गृहकार्य
   ग. उद्देश्य, कार्यकलाप, सामग्री मूल्याङ्कन र गृहकार्य
   घ. उद्देश्य, सामग्री, मूल्याङ्कन, कार्यकलाप र गृहकार्य

१३. माध्यमिक शिक्षाको उद्देश्य कुन हो ?
   क. नागरिक चेतनाको विकास गर्नु
   ख. विद्यार्थीलाई सामाजिकीकरणमा सहयोग गर्नु
   ग. विद्यार्थीमा रहेको अन्तरनिहीत क्षमताको विकास गर्नु
   घ. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने क्षमता आर्जन गर्नु

१४. स्थानीय पाठ्यक्रम निर्माणको चुनौति कुन हो ?
   क. संस्थागत संयन्त्र र सक्षमताको विकास नहुनु  ख. शिक्षक र विद्यार्थीबीच समन्वय नहुनु
   ग. शिक्षक र प्रधानाध्यापकको सम्बन्ध नहुनु  घ. विद्यार्थीहरूबाट अवरोध आउनु

१५. शिक्षक केन्द्रित शिक्षण विधि कुन हो ?
   क. प्रयोग विधि  ख. सोधपुछ विधि
   ग. सर्वेक्षण विधि  घ. व्याख्यान विधि

१६. समालोचनात्मक चिन्तनको सुदृढीकरणको चरणमा कुन पर्छ ?
   क. मुख्य बुँदा पहिचान गर्ने  ख. मुख्य विचारको सारांश निकाल्ने
   ग. शिक्षण सिकाइ कियाकलापको पूनरावलोकन गर्ने  घ. शिक्षक विद्यार्थी अन्तरक्रिया सञ्चालन

१७. निर्णयात्मक मूल्याङ्कनको साधन कुन हो ?
   क. अवलोकन  ख. गृहकार्य
   ग. परियोजना कार्य  घ. वार्षिक परीक्षा

१८. विशिष्टीकरण तालिकाको प्रयोग के मा गरिन्छ ?
   क. योजना निर्माण गर्न  ख. उपयुक्त प्रश्नपत्रको निर्माण गर्न
   ग. विद्यार्थीहरूको सिकाइ वृद्धि गर्न  घ. उत्तरपुस्तिका परीक्षण गर्न

१९. कार्यमूलक अनुसन्धान भनेको के हो ?
   क. नयाँ तथ्य पत्ता लगाउन गरिने अनुसन्धान  ख. औपचारिक अध्ययन विधि
   ग. अनौपचारिक अध्ययन विधि  घ. नयाँ ज्ञानको निर्माण गर्ने विधि

२०. योजना, कार्य, अवलोकन र प्रतिविम्बन कसको कार्यमूलक अनुसन्धानको ढाँचा हो ?
   क. कुर्त लेविन  ख. सागोर
   ग म्याकनिफ  घ. किन्चेलोल

# उत्तरकुञ्जिका

| प्र.नं. | उत्तर | प्र.नं. | उत्तर | प्र.नं. | उत्तर | प्र.नं. | उत्तर | प्र.नं. | उत्तर | प्र.नं. | उत्तर | प्र.नं. | उत्तर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ख | २ | ग | ३ | क | ४ | घ | ५ | ख | ६ | घ | ७ | घ |
| ८ | क | ९ | क | १० | ग | ११ | घ | १२ | ख | १३ | घ | १४ | क |
| १५ | घ | १६ | ख | १७ | घ | १८ | ख | १९ | ग | २० | क | | |

**उत्त्तर दिने तरिका :**

प्रश्न नं. १ को सही उत्तर '**ख**' हो । जसलाई तल दिइएको उदाहरण अनुसार उत्तर दिनुपर्ने छ ।

१ शिक्षक हुन अध्यापन अनुमतिपत्र लिनुपर्ने अनिवार्य व्यवस्था कहिले देखि सुरु गरिएको हो ?

क. २०५५ माघ १५ गते

(ख.) २०५८ माघ २५ गते

ग. २०५९ जेठ १३ गते

घ. २०५९ जेठ १६ गते

...□...

नेपाल सरकार

# शिक्षक सेवा आयोग

## अध्यापन अनुमतिपत्र परीक्षा

## नमुना प्रश्नपत्र, २०७२

## विषयगत प्रश्न

तह : **माध्यमिक**

पूर्णाङ्क : ८०

समय : २ घण्टा ४० मिनेट

**खण्ड : क**

**तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् ।** **(५X१२=६०)**

1. विद्यालय क्षेत्र सुधार कार्यक्रमले विद्यालय शिक्षाको गुणस्तर सुनिश्चितताका लागि गरेका व्यवस्थाहरू उल्लेख गर्नुहोस् । यस्ले विद्यालय शिक्षामा पारेको प्रभावबारे समीक्षा गर्नुहोस् । २+३=५
2. नेपालको संविधानले प्रत्याभूत गरेका शिक्षासम्बन्धी तीनओटा मौलिक हक लेख्नुहोस् । यसको कार्यान्वयनको लागि एउटा शिक्षकले खेल्न सक्ने कुनै दुईओटा भूमिका लेख्नुहोस् । ३+२=५
3. बालमैत्री र दण्डरहित शिक्षाको अवधारणा प्रस्तुत गर्नुभई विद्यालयमा दण्डरहित शैक्षिक वातावरणको निर्माणका लागि प्रधानाध्यापकले खेल्नुपर्ने भूमिका उल्लेख गर्नुहोस् । ३+२=५
4. शिक्षकमा बालमनोविज्ञानको ज्ञान किन आवश्यक छ ? माध्यमिक तहमा अध्ययन गर्ने बालबालिकाहरूका विशेषताहरू प्रस्तुत गर्नुहोस् । २.५+२.५=५
5. विद्यालय सुधार योजनाको महत्त्व प्रस्तुत गर्नुभई विद्यालय सुधार योजनाको कार्यान्वयनमा विद्यालय व्यवस्थापन समितिको भूमिका चर्चा गर्नुहोस् । २.५+२.५=५
6. शिक्षण सिकाइको प्रभावकारिताका सन्दर्भमा शिक्षकको पेसागत विकासको महत्त्व प्रस्तुत गर्दै यसका लागि स्वाध्ययन सामग्रीले पुर्‍याउने सहयोगका क्षेत्रहरू पहिचान गर्नुहोस् । २.५+२.५=५
7. विद्यालयले बार्षिक कार्यतालिका किन निर्माण गर्नुपर्छ ? यस्ले समेट्ने क्षेत्रहरू उल्लेख गर्नुहोस् ।३+२=५
8. योजनावद्ध शिक्षणको महत्त्व प्रतुत गर्दै वार्षिक पाठयोजना निर्माण गर्दा ध्यान दिनुपर्ने पक्षहरू उल्लेख गर्नुहोस् । २.५+२.५=५
9. प्रभावकारी शिक्षणसिकाइका लागि शैक्षिक सामग्रीले पु¥याउने सहयोगका बारेमा चर्चा गर्नुभई आर्थिक अवस्था कमजोर भएका हाम्रा विद्यालयहरूको परिवेशमा शैक्षिक सामग्रीको व्यवस्थापन गर्ने सम्भाव्य तरीकाहरू प्रस्तुत गर्नुहोस् । २.५+२.५=५
10. पाठ्यक्रमका आधारमा शिक्षण गर्दा शिक्षकलाई पुग्ने फाइदाका बारेमा उल्लेख गर्दै यसका चुनौतीहरू पनि प्रस्तुत गर्नुहोस् । ३+२=५
11. विद्यालयमा शिक्षणसिकाइको सुधारका लागि निरन्तर विद्यार्थी मूल्याङ्कनको आवश्यकता पर्नुका कारणहरू उल्लेख गर्नुहोस् । निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रभावकारी कार्यान्वयनमा देखिएका समस्याहरू प्रस्तुत गर्नुहोस् । ३+२=५

12. शिक्षकको पेसागत विकासमा कार्यमूलक अनुसन्धानले पुऱ्याउने सहयोगका बारेमा उल्लेख गर्नुभई कार्यमूलक अनुसन्धानका लागि उपयुक्त कुनै दुईओटा शीर्षकहरू प्रस्तुत गर्नुहोस् । ३+२=५

## खण्ड : ख

**तलका प्रश्नहरूको समाधानमूलक उत्तर दिनुहोस् ।** (२X१०=२०)

13. नेपालमा आठ हजारभन्दा बढी माध्यमिक विद्यालयहरू सञ्चालनमा रहेका छन् । यी विद्यालयहरूमा चारलाख पचास हजारभन्दा बढी विद्यार्थीहरू अध्ययन गरिरहेका छन् । सरकारले माध्यमिक शिक्षाको विकासका लागि विगत समयदेखि विज्ञान शिक्षा परियोजना र माध्यमिक शिक्षा सहयोग कार्यक्रमार्फत धेरै प्रयासहरू गरिसकेको छ । हाल विद्यालय क्षेत्र सुधार योजनामार्फत पनि धेरै प्रयासहरू भइरहेका छन् । यी प्रयासहरू हुँदाहुँदै पनि सरोकारवालाहरूले यस तहको शिक्षाको गुणस्तरको विषयलाई लिएर टिका टिप्पणी गरिरहेका छन् । यस तहको आन्तरिक दक्षता (internal efficiency) को अध्ययन गर्दा विद्यालय छाड्ने दर ५.३, कक्षा दोहोऱ्याउने दर ३.२, उत्तीर्ण दर ९१.४ र विगत ३ वर्षको एसएलसी परीक्षाको नतिजा ५० प्रतिशतभन्दा कम रहको देखिन्छ । यस तथ्याङ्कले पनि सरोकारवालाहरूको गुनासोलाई केही मात्रामा पुष्टि गर्दछ । यस तहको शिक्षामा माथिको अवस्था रहनुका कारणहरू पहिचान गरी सुधारका लागि सुझावहरू पनि प्रस्तुत गर्नुहोस् ।५+५=१०

14. सरस्वती माध्यमिक विद्यालयले शैक्षिक वर्ष २०७२ को पहिलो त्रैमासिक परीक्षाको नतिजा प्रकाशनका क्रममा विद्यालय व्यवस्थापन समिति र अभिभावक शिक्षक सङ्घका पदाधिकारीहरूका साथै सवै अभिभावकहरूलाई समेत आमन्त्रण गरेको थियो । कार्यक्रममा विद्यालय व्यवस्थापन समिति र अभिभावक शिक्षक सङ्घका पचास प्रतिशतभन्दा कम पदाधिकारीको सहभागिता थियो भने ३० प्रतिशत जति अभिभावकहरूको उपस्थिति थियो । नतिजा प्रकाशन भएको भोलिपल्ट नतिजा कमजोर भएका विद्यार्थीका अभिभावकहरू आआफ्ना गुनासाहरू लिएर विद्यालय आएका थिए भने केही अभिभावकहरूले त आफ्ना बालबालिकाहरू अन्य विद्यालयमा पठाउनका लागि स्थानान्तरण प्रमाणपत्रको समेत माग गरे । माथिको विवरणका आधारमा यस विद्यालयका मुख्यमुख्य समस्याहरू उल्लेख गर्नुहोस् र ती समस्याको समाधानका लागि प्रधानाध्यापकले खेल्नुपर्ने भूमिकाको पनि चर्चा गर्नुहोस् । ५+५=१०

...□...